२०६८/३।१३

# सामाजिक व्यवहार सुधार गर्ने सम्बन्धमा व्यवस्था गर्न

## बनेको विधेयक

सामाजिक व्यवहारमा बढ्दो अनुत्पादक खर्च तथा भड्किलो प्रदर्शन गर्ने प्रवृत्तिलाई नियन्त्रण गरी त्यस्तो खर्चलाई उत्पादनमूलक कार्यमा लगाई सर्वसाधारण जनताको आर्थिक हित कायम गर्न तथा सामाजिक व्यवहारलाई सरल, स्वच्छ एवं मर्यादित बनाउने सम्बन्धमा प्रचलित कानूनलाई समयानुकूल परिमार्जन गर्न बान्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्ररम्भ**: (१) यस ऐनको नाम "सामाजिक व्यवहार सुधार ऐन, २०६८" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिबाट एकानब्बेऔं दिनमा प्रारम्भ हुनेछ ।

२.**परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ ।

(ख) “तिलक” भन्नाले वैवाहिक सम्बन्ध कायम राख्नका लागि कुनै पक्षले अर्को पक्षबाट लिए वा दिएको सम्पत्ति वा लिन वा दिन तय गरेको सम्पत्ति सम्झनु पर्छ ।

(ग) "दाइजो" भन्नाले विवाहको सिलसिलामा दुलही पक्षले दुलही वा दुलाहालाई दिएको वा दिन मञ्जुर गरेको उपहार, भेटी, सौगात,

दान वा यस्तै अन्य कुनै नामबाट दुलही वा दुलाहालाई दिएको वा दिन मंजूर गरेको सम्पत्ति सम्झनु पर्छ ।

(घ) "दुलही पक्ष" भन्नाले दुलही वा दुलहीको आमा, बाबु, बाबु पट्टीको हजुरवुवा वा हजुरआमा, दाजु, भाउजू, भाइ, भाइ-बुहारी, दिदी, बहिनी, काका, काकी सम्झनु पर्छ र सो शब्दले दुलही अन्य व्यक्तिको संरक्षकतत्वमा रहेको भए त्यस्तो व्यक्ति समेतलाई जनाउँछ ।

(ङ) "दुलाहा पक्ष" भन्नाले दुलाहा वा दुलाहाको आमा, बाबु, बाबुपट्टीको हजुरबुवा वा हजुरआमा, दाजु, भाउजू, भाइ, भाइ-बुहारी, दिदी, बहिनी, काका, काकी सम्झनु पर्छ र सो शब्दले दुलाहा अन्य व्यक्तिको संरक्षकतत्वमा रहेको भए त्यस्तो व्यक्ति समेतलाई जनाउँछ ।

(च) "स्थानीय निकाय" भन्नाले नगरपालिकाको हकमा सम्बन्धित नगरपालिकाको सम्बन्धित वडा समिति र गाउँ विकास समितिको हकमा सम्बन्धित गाउँ विकास समिति सम्झनु पर्छ ।

(छ) "सम्पति" भन्नाले चल तथा अचल सम्पति सम्झनु पर्छ।

(ज) "सामाजिक व्यवहार" भन्नाले जन्म दिवस, विवाह, मृत्युसंस्कार, पितृकार्य तथा आफ्नो कुल, रित, परम्परा वा धर्म अनुसार गरिने कार्य वा समारोह समेत सम्झनु पर्छ ।

३. <u>तिलक लिन दिन नहुने</u>: (१) कसैले बैबाहिक सम्बन्ध कायम गर्नको लागि तिलक लिन वा दिन हुँदैन ।

(२) उपदफा (१) उल्लघंन गर्नेलाई विगो जफत गरी विगोबमोजिम जरिवाना वा नब्बे दिनसम्म कैद वा दुबै सजाय हुनेछ ।

४. **दाइजोमा नियन्त्रणः** (१) दुलाहा पक्षले दुलही पक्षसंग दाइजो मागन वा लिन हुँदैन । दुलही पक्षले पनि दाईजो दिन वा दिन मञ्जुर गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विवाह हुंदा खुशी राजिले जम्मा जम्मी एक लाख रूपैयाँसम्मको सम्पत्ति दाईजो दिन लिन सकिने छ ।

(३) उपदफा (१) वा (२) उल्लघंन गर्नेलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) दाईजो लिई दिई सकेकोमा विगो जफत गरी विगो बमोजिम जरिवाना वा तीस दिनसम्म कैद वा दुबै सजाय हुनेछ ।

(ख) दाईजो लिई दिई नसकेकोमा पचास हजार रूपैयाँसम्म जरिवाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुनेछ ।

५. **तिलक वा दाइजो लिने दिने गरी भएको सम्झौता बदर हुने**ः दाइजो वा तिलक लिने वा दिने गरी भएको संझौता स्वतः बदर भएको मानिनेछ ।

६. **विवाह गर्न इन्कार गर्न वा बाधा अवरोध पुऱ्याउन नहुने**ः (१) दुलाहा वा दुलही पक्षले तिलक वा दाइजो नदिएको वा कम दिएको वा दिन मञ्जुर नगरेको कारणले दुलाहा पक्ष वा दुलही पक्षले विवाह गर्न गराउन इन्कार गर्न वा सो उद्देश्यले वाधा अवरोध पुऱ्याउन हुँदैन ।

(२) तिलक वा दाइजो नदिएको, कम दिएको वा दिन मञ्जुर नगरेको कारणले दुलाह पक्ष वा दुलही पक्षले देहायको कार्य गर्न हुँदैन;-

(क) विवाह भएपछि दुलाहा पक्षले दुलहीलाई विदाई गराई आफ्नो साथमा लैजान इन्कार गर्न वा दुलही पछिमात्र विदाई गराई लैजाने प्रथा भएकाले पछि विदाई गराई

लैजान इन्कार गर्न वा सो उद्देश्यले अवरोध पुऱ्याउन हुँदैन ।

(ख) विवाह भएपछि दुलहीले दुलाहासाथ जान इन्कार गर्न वा दुलही पछि मात्र विदाई गर्ने प्रथा भएकाले पछि विदाई भई जान इन्कार गर्न वा सो उद्देश्यले कुनै बाधा पुऱ्याउन,

(ग) दुलाहा पक्ष वा दुलही पक्षले दुलही बिदाई गरी लैजान वा विदाई गरी पठाउन कुनै बहाना वा बाधा, अवरोध पुऱ्याउन,

(३) उपदफा (१), वा (२) उल्लघंन गर्नेलाई एक लाख रूपैयाँसम्म जरिवाना वा नब्बे दिनसम्म कैद वा दुवै सजाय हुनेछ ।

७. **<u>आमन्त्रित व्यक्तिले दिन सक्ने उपहार</u>**: (१) विवाहमा आमन्त्रित व्यक्तिले दुलाहा वा दुलही प्रत्येकको लागि उपहार स्वरूप दुई सय रूपैयाँसम्म नगद वा सो मूल्य बराबरको जिन्सी दिन सक्ने छ ।

(२) उपदफा (१) उल्लघंन गर्नेलाई पच्चीस हजारसम्म जरिवाना हुनेछ ।

८. **<u>विवाह सम्बन्धी कार्यक्रमको निर्णय</u>**: (१) विवाह सम्बन्धि कार्यक्रमको निर्णयको लागि आयोजित कार्यक्रममा दुलाहा पक्षबाट दुलाहा बाहेक पन्ध्र जना र दुलही पक्षबाट दुलही वाहेक एक्काइस जनाभन्दा बढी सहभागि हुनु हुँदैन ।

(२) उप-दफा (१) बमोजिमको कार्यक्रममा दुलाहापक्ष वा दुलही पक्षले खुशीराजीले दुलाहा वा दुलहीलाई दश ग्राम भन्दा बढी सून वा सो को मूल्य बराबरभन्दा बढीको अन्य उपहार दिन लिन हुँदैन

(३) उपदफा (२) बमोजिम दुलाहा वा दुलही बाहेक अन्य व्यक्तिलाई नगद वा जिन्सी उपहार दिन वा लिन हुँदैन ।

(४) उपदफा (१), (२) वा (३) उल्लघंन गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) उपदफा (१) उल्लघंन गर्ने दुलाहा वा दुलही पक्षलाई पच्चीस हजार रूपैयाँसम्म जरिवाना ।

(ख) उपदफा (२) उल्लघंन गर्ने दुलाहा पक्ष वा दुलही पक्षलाई विगोको दोब्बर जरिवाना ।

(ग) उपदफा (३) उल्लघंन गर्नेलाई पच्चीस हजार रुपैंयाँसम्म जरिवाना ।

९. आर्थिक दायित्व वेहोर्न वेहोराउन नहुनेः (१) विवाहमा दुलाहा पक्ष वा दुलही पक्षको पद, प्रतिष्ठा, शैक्षिक, आर्थिक वा सामाजिक हैसियतको आधार देखाई दुलाहा वा दुलही पक्षले एक अर्कालाई आर्थिक दायित्व **वेहोराउन वा व्यहोर्न** हुँदैन ।

(२) दुलाहा वा दुलहीको विवाहमा लागेको वा लाग्ने खर्च वा पढाई, व्यापार, व्यवसाय वा व्यक्तित्व विकासमा लागेको वा लाग्ने खर्च वा दुलाहा वा दुलही कुनै पनि पक्षले एक अर्कासंग माग्न, लिन वा दिन हुँदैन ।

(३) दुलही पक्षले विवाह गर्न मञ्जुरी दिए वापत दुलाहा पक्षबाट सम्पत्ति लिन हुँदैन।

(४) दुलही पक्षले विवाह गर्न मञ्जुरी दिए वापत दुलहीको लागि यति गहना, कपडा वा अरू जिन्सी वा नगद वा जायजेथा दिनु पर्छ भनी दुलाहा पक्षसंग माग्न वा दिन कर गर्न हुँदैन ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुलाहा पक्षले दुलहीलाई बढीमा चालीस ग्राम सून र दुलही पक्षले दुलाहालाई बढीमा बीस ग्राम सून वा सो बराबरको प्रचलित मूल्यमा हुन आउने रकम बराबरको गहना

र तोकिए बमोजिमको कपडा तथा अन्य जिन्सी समान राजीखुशीले दिन सकिनेछ ।

(६) यो दफा उल्लघंन गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछ;-

(क) उपदफा (१), (२) वा (३) उल्लघंन गर्नेलाई विगो भए विगो जफत गरी विगो बमोजिम जरिवाना वा तीन महिनासम्म कैद  वा दुवै सजाय र विगो नखुलेकोमा एक लाख रूपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद ।

(ख) उपदफा (४) वा (५) उल्लघंन गर्नेलाई विगो भए विगो जफत गरी विगो बमोजिम जरिवाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय र विगो नखुलेकोमा पचासहजार रूपैयाँसम्म जरिवाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय ।

१०. <u>जन्ती/बरियातमा नियन्त्रण</u>ः (१) विवाहमा वाजावाला र भरिया सहित पचहत्तर जनाभन्दा बढी जन्ती वा वरियात लैजान हुँदैन ।

(२) विवाहमा एघार जना भन्दा बढी बाजावाला र पाँचजना भन्दा बढी भरिया लैजान हुँदैन ।

(३) विवाहमा नेपाल सरकारको सेवामा बहाल रहेको राष्ट्रसेवकले बाजावालाको रुपमा भाग लिन हुँदैन ।

(४) जन्ती वा वरियात लैजादा वा फर्कदा बाटोमा लाग्ने यातायात, खाना वा अन्य कुनै खर्च दुलाहा पक्षले दुलहीपक्षलाई वेहोराउन वा दुलही पक्षले व्यहोर्न हुँदैन ।

(५) दुलाहापक्ष वा दुलहीपक्षले जन्ती वा वरियात जानेहरूलाई नगद वा जिन्सी उपहार दिन हुँदैन ।

तर जन्ती वा वरियात साथ जाने भरिया र वाजावालाहरूलाई दुलाहा पक्षले ज्यालाको रूपमा नगद वा जिन्सी दिन वाधा पर्ने छैन ।

(६) यो दफा उल्लघंन गर्नेलाई पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुनेछ ।

११. **विवाह भोजमा नियन्त्रण**ः (१) दुलाहापक्ष वा दुलहीपक्षबाट गरिएको विवाह भोजमा नातेदार, छरछिमेक वा अन्य व्यक्ति सहित एक सय पचास जनाभन्दा बढी व्यक्तिलाई आमन्त्रण गर्नु हुँदैन ।

(२) उपदफा (१) उल्लघंन गर्नेलाई  विवाह भोजमा लागेको खर्चको दोब्बर जरिवाना वा एक महिनासम्म कैद वा दुबै सजाह हुनेछ

१२. **सम्धी सम्धीनी भेटः** (१) विवाहमा दुलाहा वा दुलही पक्षले सम्धी सम्धीनी भेट सम्बन्धि कार्यक्रममा बढीमा पच्चीस हजार रुपैयासम्म खुशीराजीले खर्च गर्न हुन्छ ।

(२) उपदफा (१) उल्लंघन गर्नेलाई पच्चीस हजार रुपैंयाँसम्म जरिवाना वा पन्ध्रदिनसम्म कैद वा दुबै सजाय हुनेछ ।

१३. **अग्रिम सूचना दिनु पर्नेः** (१) दुलाहापक्ष तथा दुलहीपक्षले विवाह वा विवाहको भोज हुने दिन भन्दा कम्तिमा तीन दिन अघि तोकिएको ढाँचामा देहायका कुरा खुलाई स्थानीय निकायलाई सूचना दिनु पर्नेछ;-

(क) जन्त वा वरियातमा आमन्त्रित गरिएका व्यक्तिहरूको संख्या र नामावली ।

(ख) विवाह भोजमा आमन्त्रित गरिएका व्यक्तिहरूको संख्या र नामावली ।

(ग) विवाह तथा विवाह भोज हुने दिन, समय र स्थान ।

(घ) यस ऐन बमोजिम विवाह गर्दा दिन सकिने  सम्पत्तिको छोट्करी विवरण ।

(ङ) भोजको लागि लाग्ने अनुमानित खर्च ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि सम्बन्धित स्थानीय निकायले सो को अभिलेख राख्नु पर्नेछ।

(३) यस ऐन बमोजिम कुनै मुद्दा परी माग हुँदाका बखत त्यस्तो अभिलेख सम्बन्धित मुद्दा हेर्ने निकायलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) यस दफा बमोजिम उपलब्ध गराउनु पर्ने विवरण उपलब्ध नगराउने वा झूठो विवरण पेश गर्नेलाई पचास हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

१४. **भोजको हिसाव देखाउनु पर्ने**: (१) विवाह सम्पन्न भएको मितिले पन्ध्रदिनभित्र दुलाहा पक्ष तथा दुलही पक्षले विवाह भोजसंग सम्बन्धित देहाय बमोजिमको विवरण खोली सम्बन्धित स्थानीय निकायमा पेश गर्नु पर्नेछ;-

(क) विवाह भोजमा उपस्थित व्यक्तिहरूको संख्या तथा नामावली ।

(ख) भोजमा लागेको खर्चको छोटकरी विवरण ।

(२) उपदफा (१) बमोजिम विवरण पेश नगर्ने वा झुठो विवरण पेश गर्नेलाई पचास हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

१५. **अन्य सामाजिक व्यवहारमा नियन्त्रण**: विवाहसंग सम्बन्धित सामाजिक व्यवहार बाहेकका अन्य सामाजिक व्यवहारका हकमा नातेदार, छरछिमेक वा अन्य व्यक्ति सहित पच्चीस जना भन्दा बढी व्यक्तिलाई भोजमा आमन्त्रण गर्न हुँदैन ।

तर विशुद्ध धार्मिक, सामाजिक कार्य वा कल्याणकारी कामको निमित्त खर्च जुटाउने उद्देश्यले आयोजना गरिने कार्यका हकमा यो बन्देज लागू हुने छैन ।

१६. **नेपाल सरकारले खर्चको सीमा तोक्न सक्ने**: (१) यस ऐनको अधिनमा रही नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन दफा १५ बमोजिमको सामाजिक व्यवहारमा गर्न सकिने खर्चको सीमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी हुने आदेशको पालना गर्नु गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिमको आदेश उल्लघंन गर्नेलाई पचास हजार रुपैयांसम्म जरिवाना वा एक महिनासम्म कैद सजाय हुनेछ ।

१७. **भडकिलो रूपमा घर सजाउन नहुने:** विवाहको प्रयोजनको लागि घर सजाउन बीस हजार रुपैयाँ भन्दा बढी खर्च गर्न हुँदैन ।

१८. **निमन्त्रणा कार्डमा नियन्त्रण**: (१) सामाजिक व्यवहार गर्दा निमन्त्रणा गर्ने प्रयोजनको लागि निमन्त्रणा कार्ड छपाउँदा प्रत्येक कार्डको लागि बढीमा पचास रुपैयाँसम्म खर्च गर्न सकिनेछ ।

(२) उपदफा (१) उल्लंघन गर्नेलाई पच्चीस हजार रुपैंयाँसम्म जरिवाना हुनेछ ।

१९. **सामाजिक व्यवहारको कार्यक्रम गर्न नहुने स्थान:** (१) नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको जग्गा वा भवनमा कुनै पनि किसिमको सामाजिक व्यवहार गर्न वा सो को निमित्त अनुमति दिनु हुँदैन ।

तर,-

(क) परम्परा वा चलन प्रथा अनुसार हुँदै आएको धार्मिक कार्य, भोज वा यस्तै अन्य कार्य गर्न बाधा पर्ने छैन ।

(ख) नेपाल सरकारको स्वामित्वमा रहेको होटल वा सामाजिक कार्यकै लागि नेपाल सरकारद्वारा स्थापित संस्थामा सामाजिक व्यवहार सम्बन्धी कार्य गर्न बाधा पर्ने छैन ।

(२) उपदफा (१) उल्लघंन गर्ने गराउनेलाई एक लाख रूपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

२०. **दुरुत्साहन वा षडयन्त्र गर्न नहुने**: (१) यस ऐनले निषेध गरेका कार्यहरु गर्न गराउन कसैले कसैलाई दुरुत्साहन गर्न वा त्यस्तो कार्य गर्ने षडयन्त्र गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको उल्लंघन गर्नेलाई मूल कारणीलाई हुने सजायको आधा सजाय हुनेछ ।

२१. **थप सजाय**: (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले यस ऐन अन्तर्गतको कसूर गरेको ठहरेमा निजलाई त्यस्तो कसूरमा हुने सजायमा पच्चीस प्रतिशत थप सजाय हुनेछ।

(२) एक पटक भन्दा बढी पटक यस ऐन बमोजिम कसूर गर्ने व्यक्तिलाई प्रत्येक पटकको लागी यस ऐन बमोजिम हुने सजायमा थप पच्चीस प्रतिशत सजाय हुनेछ ।

२२. **बढुवा रोक्का**: सार्वजनिक पद धारण गरेको व्यक्तिले यस ऐन अन्तर्गतको कसूर गरेको ठहरेमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजको तीन वर्षसम्म बढुवा रोक्का गर्ने गरी निर्णय गर्नेछ ।

२३. **अयोग्य भएको मानिने**: यस ऐनको दफा ३, ४ वा ९ अन्तर्गतको कसूर गरेको ठहर भएको व्यक्ति कसूर ठहर भएको मितिले तीन वर्षसम्म सार्वजनिक जवाफदेहीको पदमा नियुक्त वा मनोनित हुन वा स्थानीय निकाय वा आमनिर्वाचनमा भाग लिन अयोग्य मानिने छ ।

२४. **पुरस्कार**: उजुरीकर्तालाई जरिवानाबाट प्राप्त रकमको पच्चीस प्रतिशत रकम पुरस्कार दिइने छ ।

२५. **गोप्य राख्नु पर्ने**: यस ऐन बमोजिमको कसुरको सूचना दिने व्यक्तिले चाहेमा निजको नाम गोप्य राखिनेछ ।

२६. **अभिलेख राख्नु पर्ने**: (१) यस ऐन बमोजिम सजाय पाएको व्यक्तिको अभिलेख नेपाल सरकारले तोकेको कार्यालयले राख्ने छ ।

(२) उपदफा (१) को प्रयोजनको लागि मुद्दा हेर्ने निकायले फैसलाको जानकारी उपदफा (१) बमोजिमको कार्यालयलाई र सम्बन्धित स्थानीय निकायलाई दिनु पर्नेछ ।

२७. **हदम्याद:** यस ऐन अन्तर्गतको कसूर भए गरेको मितिले नब्बे दिनभित्र उजूर गर्नु पर्नेछ ।

२८. **नेपाल सरकार वादी हुने**: यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा समावेश भएको मानिनेछ ।

२९. **मुद्दा हेर्ने अधिकारी**: यस ऐन अन्तर्गतको मुद्दामा शुरू कारवाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ ।

३०. **मुद्दाको कार्यविधि**: यस ऐन अन्तर्गतको मुद्दामा संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको कार्यविधि अपनाउनु पर्नेछ ।

३१. **मुद्दा फिर्ता लिन नसकिने**: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको दफा ३, ४ वा ९ अन्तर्गतको अभियोगमा अदालतमा दायर भएको मुद्दा फिर्ता लिन सकिने छैन ।

३२. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने:** यस ऐन बमोजिम कसूर मानिने कुनै काम अन्य प्रचलित कानून बमोजिम पनि सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन तथा कारवाही गर्न यस ऐनले कुनै वाधा पुऱ्याएको मानिने छैन ।

३३. **नियम बनाउने अधिकार**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

३४. **खारेजी र वचाउः** (१) सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको ऐन अन्तर्गत भए गरेका काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

नेपाल कानून आयोग